मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १७० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार २१ गते आइतबार ❑ 5 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## कफीखेती अर्थतन्त्रको बलियो आधार हो: मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २० असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपाली कफी मौलिक संस्कृति, आतिथ्यता र आयआर्जनको बलियो आधार बन्दै गएको बताउनुभएको छ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डद्वारा पोखरामा शनिबार आयोजित नेपाली कफीको राष्ट्रिय प्रदर्शनी तथा कपिङ च्याम्पियनसिप कार्यक्रमको उद्घाटन गर्दै उहाँले कफी उत्पादन, गुणस्तर र बजार प्रवर्द्धन अभियानलाई थप सशक्त बनाउनुपर्नेमा बताउनुभयो।

बाँदर तथा जङ्गली जनावरबाट कम क्षति हुने कफीलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको बताउँदै मुख्यमन्त्री पाण्डेले कफी खेतीको विस्तारले रोजगारी सिर्जना गर्दै मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो।

युवा वर्गलाई कृषि पेसामा आकर्षित गर्न प्रदेश सरकारले



मल, बीउ, सिँचाइलगायत पूर्वाधारमा अनुदानको व्यवस्था गरेको उल्लेख गर्दै उहाँले औषधिजन्य गाँजा तथा घरेलु मदिरा उत्पादनलाई समेत कानुनी मान्यता दिने तयारी अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो । उहाँका अनुसार गण्डकी प्रदेशमा हाल एक हजार ४५१ हेक्टर क्षेत्रफलमा कफी खेती विस्तार भएको छ भने वार्षिक १५६ मेट्रिक टन ग्रिन विन उत्पादन भइरहेको छन् भने प्रदेशका नौवटा जिल्लामा लगभग ३० हजार कृषक कफी खेतीमा आबद्ध रहेका छन् । गण्डकी प्रदेशका कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री भिमबहादुर कार्कीले कृषिलाई मर्यादित पेसाका रुपमा विकास गर्न सरकार प्रतिबद्ध रहेको बताउँदै कफी उत्पादन र व्यवसाय सञ्चालनमा बैङ्कबाट लिएको ऋणको ब्याज प्रदेश सरकारले तिर्ने व्यवस्था गरेको जानकारी दिनुभयो । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पर्यटकीय राजधानी पोखरामा पछिल्लो समय कफी व्यवसाय फष्टाउँदै गएको बताउँदै गुणस्तरी कफी उत्पादनमा कृषकहरुबीच समन्वय र सहकार्य आवश्यक रहेको बताउनुभयो। प्रतियोगितामा ललितपुरको कफी सहकारी संघ लिमिटेड प्रथम, काभ्रेस्थित महाभारत साना किसान कृषि सहकारी संस्था द्वितीय, गोरखाको कोट थोक कफी उत्पादक कृषक समूह, काभ्रेको महादेवटार धोग कृषि फर्म र गुल्मी कफी स्टेट प्राली तृतीय भई १० हजार ८०० र छ हजार नगदसहित सम्मान पत्रले सम्मान गरिएको थियो । विभिन्न जिल्लाका ३२ प्रकारका कफी उत्पादक सङ्घको सहभागिता रहेको थियो ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डका अध्यक्ष सुरेन्द्र सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा बोर्ड क्षेत्रीय कार्यालय पोखराका निमित्त क्षेत्रीय निर्देशक चन्द्र पुरीलगायतले नेपाली कफी विस्तार, उत्पादन र गुणस्तरका बारेमा चर्चा गर्नुभएको थियो ।

## प्रेस रजिष्ट्रारको कार्यालयबाट अग्रज ५ पत्रकार सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २० असार

गण्डकी प्रदेश प्रेस रजिष्ट्रारको कार्यालयले अग्रज पत्रकारको सम्मानको थालनी गरेको छ । पोखरामा शनिबार आयोजित गण्डकी मिडिया समिट-२०८३ तथा अग्रज पत्रकार सम्मान समारोहमा गण्डकी प्रदेशका ५ जना अग्रज पत्रकारलाई सम्मान गरिएको हो ।

सम्मानित हुनेमा पोखराका अग्रज पत्रकार स्व. केशवराज पराजुली, तिलकमान गुभाजू, नवलपुरका प्रेमचन्द्र रौनियार, तनहुँका विश्वबन्धु भण्डारी र पर्वतकी सरस्वती शर्मा जिज्ञासु हुन् । प्रमुख अतिथि गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उनीहरुलाई जनही ५० हजार राशि, ताम्रपत्र र दोसल्लाले सम्मान गरे । ३ दिनअघिमात्र निधन भएका स्व. पराजुलीको तर्फबाट नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्षहरु कृष्णप्रसाद बास्तोला र नारायण कार्कीले सम्मान ग्रहण गरे । सम्मानित व्यक्तित्वको बारेमा लेखिएको 'हाम्रो समयको पत्रकारिता' पुस्तक पनि सोही अवसरमा विमोचन गरियो ।

गत १६ असार राति ९१ वर्षको उमेरमा निधन भएका पराजुली जनमत दैनिकका संस्थापक एवं सम्पादक हुन् ।



पोखरेली नवरत्नबाट सम्मानित उनी स्वतन्त्रता सेनानी पनि हुन् । उनले लेखेको समाचारकै कारण पृथ्वीनारायण क्याम्पसले जग्गा पाएको इतिहास छ ।

गण्डकी प्रदेशका मुख्यमन्त्री पाण्डेले संघीयताको जडको विवेचना नगर्ने हो भने ढिलोचाडो मुलुक द्वन्द्वमा फस्ने दाबी छ । विगत ३५ वर्षमा केही नभएको भन्नु गलत हो भन्दै उनले देशले पछिल्लो समय शिक्षा, स्वास्थ्य तथा प्रविधि क्षेत्रमा ठूलो फड्को मारेको बताए । 'प्रेस स्वतन्त्र हुनुपर्छ भन्नेमा दुईमत छैन । सत्य बोल्ने र सत्य लेख्न कसैले छेक्न पाइँदैन,' उनले भने, 'आज प्रविधिसँगसँगै आमसञ्चारजगत् फड्को मारेको र त्यत्तिकै चुनौती पनि थपिएको छ ।' सामाजिक सञ्जाल र मेनस्ट्रिम पत्रकारिताबीच जनतालाई फरक हो भन्ने बुझाउन सक्नुपर्नेमा जोड दिए । उनले सरकारका कमीकमजोरीबारे पनि मिडियाले औंल्याइदिनुपर्ने बताए । प्रेस रजिष्ट्रार बिमला भण्डारीले स्वागत मन्तव्य व्यक्त गर्दै इतिहास अभिलेखीकरणबाट मात्र बाँच्दछ भन्दै अग्रज पत्रकारको सम्मानको थालनी गरिएको प्रस्ट पारिन् । उनले भनिन्, 'यदि संघर्ष, अनुभव र योगदान दस्तावेजीकरण गरिएन भने एउटा पुस्ताको सम्पूर्ण अनुभव हराउँदै र बिर्सँदै जान्छ । त्यसैले अग्रज पत्रकारको जीवन, संघर्ष, अनुभव र योगदानलाई पुस्तक तथा डिजिटल अभिलेखका रुपमा सुरक्षित गर्ने अभियान प्रारम्भ गरेका हौं ।' उनले सत्य, निष्पक्ष, व्यावसायिकता र उत्तरदायित्वमा आधारित पत्रकारितालाई सुदृढ बनाउन प्रेस रजिष्ट्रारको कार्यालय लागिपरेको बताइन् । सम्मानित पत्रकारतर्फबाट विश्वबन्धु भण्डारीले सम्मानप्रति खुसी व्यक्त गर्दै शासक र जनताबीच रहेर काम गर्ने पत्रकार हुन् भने । नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश अध्यक्ष रमेश पौडेलले अहिलेको मिडिया संकटबाट

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कोरला सडक सरकारको उच्च प्राथमिकतामा छ: मन्त्री लम्साल

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २० असार

पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले कोरला सडक सरकारको उच्च प्राथमिकतामा रहेको बताउनुभएको छ। छुसाङ-घमी सडकका लागि बजेट विनियोजन भइसकेको र अब नाकासम्म घमी-कोरला सडकलाई जतिसक्दो चाँडो 'अस्फाल्ड' कालोपत्र गरिने बताउनुभयो।

शनिबार कालीगण्डकी करिडोर (बेनी–जोमसोम–कोरला) सडक योजनाको छलफलमा मन्त्री लम्सालले कोरला सडकलाई बजेटको अभाव हुन नदिने बताउनुभयो । कोरला सडक योजनाको निरीक्षण गर्दै मन्त्री लम्साल शुक्रबार मुस्ताङले लेतमा बस्नुभएको थियो । कोरला सडकको प्रगति बुझ्न तथा सडकको अनुगमन गर्न आउनुभएका मन्त्री लम्सालले उत्तर/दक्षिण जोड्ने कोरला सडकलाई जतिसक्दो छिटो सम्पन्न गर्नुपर्नेमा जोड दिनुभयो। "यो साल कोरलानाकासम्मको सडकका लागि अस्फाल्ड कालोपत्रको ठेक्का खोल्नुपर्छ, हामीले के गर्नुपर्छ गर्छौं," मन्त्री लम्सालले भन्नुभयो, "वातावरणीय परीक्षण गरिएको छैन भने गर्नुहोला, कहाँ



समस्या छ, त्यसको सहजीकरण हामी गर्छौं ।" कोरला सडक कालोपत्र गर्न कहाँ समस्या भइरहेको छ, त्यसको समाधानका लागि सम्बन्धित निकायलाई मन्त्रालयमा बोलाएर निष्कर्ष निकालिने उहाँको भनाइ छ । कोरलानाकासम्म कालोपत्र विस्तार गर्न सम्बन्धित पालिकाहरूको सहयोग भइसकेकाले अल्झिनुपर्ने कुनै ठाउँ नरहेको मन्त्री लम्सालले बताउनुभयो । मन्त्री लम्साले कोरला सडकका लागि सडक तथा पुलपुलेसालगायत सबै आवश्यक पूर्वाधारको ठेक्का 'टेन्डर' खोलेर यो साल नै कालीगण्डकी करिडोर सडक अन्तर्गतको कोरला सडकलाई 'कम्प्लिट' गर्नुपर्ने उल्लेख गर्नुभयो । यसका लागि मन्त्रालय सकारात्मक छ र यसको सहजीकरण पनि गरिने उहाँको भनाइ छ । "तपाईंहरू ढुक्कले काम गर्नुस्, टेन्डर खोल्नुपर्ने भए खोल्नुस्, बजेट छैन भनेर रोकिनु पर्दैन," मन्त्री लम्सालले आयोजनालाई निर्देशन दिँदै भन्नुभयो, "काम नगर्ने निर्माण व्यवसायको ठेक्का रद्द गर्नुस् र काम गरिरहेकालाई छिटोछरितो काम गर्ने वातावरण मिलाउनुस् ।" कोरला सडकअन्तर्गत म्याग्दी खण्डको निरीक्षण गर्नुभएका मन्त्री लम्सालले उक्त सडकका सडक 'एलाइमेन्ट' परिवर्तन गर्नुपर्ने हो वा दिगो पूर्वाधार बनाउनुपर्ने त्यसको निर्क्योल गर्न आयोजना कार्यालयलाई निर्देशन दिनुभयो । आयोजनालाई सडक खन्ने उपकरणहरू समस्या भएमा त्यसको व्यवस्था मिलाइने मन्त्री लम्सालले उल्लेख गर्नुभयो ।

कोरलानाका जोड्ने राष्ट्रिय गौरवको सडक भविष्यमा चार लेनको हुने भएकाले बस्ती रहेका स्थानमा सडक चौडा गर्न समस्या भएका स्थानमा 'डाइभर्सन' गरी वैकल्पिक उपायहरू अवलम्बन गर्नुपर्नेमा जोड दिनुभयो । मन्त्री लम्सालले कोरला सडकका लागि बजेटको सुनिश्चतता आफूले गर्ने बताउनुभयो । छलफलमा आयोजना प्रमुख तेजश्वी शर्माले कोरला सडकमा भौगोलिक चुनौती रहेको बताउनुभयो। घमी-कोरला सडकको प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन (आइई) प्रतिवेदन स्वीकृत हुन बाँकी रहेको बताउनुभयो । पूर्वप्रतिनिधिसभा सदस्य प्रेमप्रसाद तुलाचनले मुस्ताङ-डोल्पा सडकलाई सरकारले उच्च प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो । मुस्ताङ-डोल्पा सडकलाई हेर्ने सडक डिभिजन कार्यालय धौलागिरिका चार जिल्ला हेर्नुपर्ने भएकाले समस्या भएको र उक्त सडकमा झिनो बजेट विनियोजन हुँदा मुस्ताङ–डोल्पा सडक सम्पन्न हुन नसकेको बताउनुभयो ।


## गण्डकीका छ जिल्लालाई पूर्ण खोप सुनिश्चित घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, २० असार

गण्डकी प्रदेशको कास्की, स्याङ्जा, पवर्त, म्याग्दी, मुस्ताङ र मनाङलाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना भएको जिल्ला घोषणा गरिएको छ। बाँकी पाँच जिल्ला घोषणाको तयारीमा रहेको प्रादेशिक जनस्वास्थ्य केन्द्रले जनाएको छ।

बिहीबार कास्कीलाई घोषणा गरिएसँगै यस वर्ष पूर्ण खोप सुनिश्चित भएका जिल्लाको सङ्ख्या छ पुगेको हो । आगामी शनिबार बागलुङ, आइतबार लमजुङ, सोमबार गोरखा र तनहुँलाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना भएको जिल्ला घोषणा गनिने केन्द्रका खोप अधिकृत एकनारायण लम्सालले बताउनुभयो । नवलपुरलाई यही असार मसान्तभित्र घोषणा गर्ने गरी तयारी भइरहेको उहाँको भनाइ छ । जन्मेदेखि २३ महिनाभित्रका बालबालिकाले आवश्यक सबै खोप पाएपछि पूर्ण खोप सुनिश्चितता एवं दिगोपना घोषणा गर्ने गरिएको छ । पहिलोपटक विसं २०७५ मा गण्डकी प्रदेश नै पूर्ण खोप सुनिश्चित प्रदेश घोषणा भएपनि

बाँकी अन्तिम पृष्ठमा ▶▶



# निजी क्षेत्रको सहकार्यबिना सरकार सफल हुन सक्दैन : उद्योग तथा पर्यटन मन्त्री रिमाल

पोखरापत्र संवाददाता
पोखरा, २० असार



गण्डकी प्रदेशकी उद्योग तथा पर्यटन मन्त्री यसोदा रिमालले निजी क्षेत्रको सक्रिय सहकार्यबिना सरकार सफल हुन नसक्ने बताएकी छन् ।

राष्ट्रको आर्थिक समृद्धिको प्रमुख आधार निजी क्षेत्र नै भएकाले सरकार र निजी क्षेत्रबीच विश्वास, सहकार्य र साझेदारी अझ सुदृढ हुनुपर्नेमा उनले जोड दिइन् । लेखनाथ उद्योग वाणिज्य संघको ३०औँ स्थापना दिवस तथा २९औँ वार्षिकोत्सवका अवसरमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै मन्त्री रिमालले उद्योग, व्यापार, पर्यटन र कृषिको समन्वित विकासबाट मात्रै प्रदेश र देशको आर्थिक अवस्था मजबुत बन्न सक्ने धारणा व्यक्त गरिन्। उनले निजी क्षेत्रलाई सरकारको साझेदारका रूपमा चित्रित गर्दै व्यवसायीका समस्या समाधान गर्न प्रदेश सरकार नीतिगत सुधार तथा लगानीमैत्री वातावरण निर्माणमा प्रतिबद्ध रहेको स्पष्ट पारिन् ।

उनले युवा, महिला, कृषि र पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेर डिजिटल प्रविधिको विस्तार गर्दै दिगो आर्थिक विकासतर्फ अघि बढ्नुपर्ने आवश्यकता औँल्याइन्। उद्योग तथा पर्यटन क्षेत्रको विकाससँगै रोजगारी सिर्जना हुने भएकाले निजी क्षेत्रलाई थप प्रोत्साहन गर्ने नीति सरकारले अवलम्बन गरेको जानकारी दिँदै लगानीकर्ताले निर्धक्क भएर व्यवसाय सञ्चालन गर्न सक्ने वातावरण निर्माण गरिने विश्वास व्यक्त गरिन् । मन्त्री रिमालले पोखरा-३१ पुडिटार स्थित जग्गालाई प्रदेश सरकारको मातहतमा ल्याएर आगामी पाँच वर्षभित्र आधुनिक औद्योगिक क्षेत्र स्थापना गर्ने योजना रहेको जानकारी दिइन् । यसले प्रदेशको औद्योगिक विकासमा नयाँ आयाम थप्ने विश्वास व्यक्त गर्दै पोखरालाई पर्यटनसँगै उद्योगको केन्द्रका रूपमा विकास गरिने बताइन् । उनले सञ्चारमाध्यमलाई जनताको आवाज सरकारसम्म पुऱ्याउने प्रभावकारी माध्यमको रूपमा व्याख्या गर्दै पत्रकारिताको भूमिकाको प्रशंसा गरिन्। साथै महिलाको अर्थपूर्ण सहभागिताबिना समावेशी विकास सम्भव नहुने उल्लेख गर्दै प्रदेश सरकारले महिला उद्यमशीलता र नेतृत्व विकासलाई पनि प्राथमिकता दिएको बताइन् । कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघकी अध्यक्ष जानुका पराजुली अधिकारीले २०५४ साल असार २० गते स्थापना भएको संघले तीन दशकको यात्रामा उद्योगी-व्यवसायीको हकहित संरक्षणसँगै सामाजिक उत्तरदायित्व निर्वाह गर्दै आएको बताइन् । सीमित स्रोतसाधनका बीच संस्था आज दुई हजारभन्दा बढी सदस्य रहेको सशक्त व्यावसायिक संस्थाका रूपमा स्थापित भएको उल्लेख गर्दै उनले अग्रजहरूको योगदानको उच्च सम्मान गरिन् । नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष नरेश कँडेलले संघीयताको मर्मअनुसार सरकार र निजी क्षेत्रबीच अझ प्रभावकारी सहकार्य हुनुपर्ने बताए । नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले बदलिँदो समयसँगै व्यवसाय सञ्चालनको शैली पनि परिवर्तन हुँदै गएको उल्लेख गर्दै नयाँ पुस्ताले प्रविधिमैत्री सोचका साथ उद्यमशीलतामा अघि बढ्नुपर्ने बताए । कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले लेखनाथ उद्योग वाणिज्य संघले तीन दशकमा पुऱ्याएको योगदानको प्रशंसा गर्दै व्यवसाय सञ्चालनमा देखिएका समस्या समाधानका लागि प्रशासन सधैँ सकारात्मक रहेको बताए । संघका संस्थापक अध्यक्ष चन्द्रकृष्ण कर्मचार्यले ८० सदस्यबाट सुरु भएको संस्था आज दुई हजारभन्दा बढी सदस्य भएको जानकारी दिँदै लेखनाथ क्षेत्रको पूर्वाधार विकास, आर्थिक गतिविधि विस्तार तथा सामाजिक क्षेत्रमा संघले उल्लेखनीय योगदान पुऱ्याएको बताए ।

कार्यक्रममा संघका पूर्व अध्यक्ष बाबुराम गिरी, वरिष्ठ उपाध्यक्ष गोपीचन्द्र वास्तोला, महासचिव भरतराज ओझा, लेखनाथ खानेपानी उपभोक्ता संस्थाका अध्यक्ष मुरारी शर्मालगायतले संघको योगदान, निजी क्षेत्रको भूमिका र भावी योजनाबारे धारणा राखेका थिए ।

# नागरिक सहयोग समितिमा तिमिल्सिना

पोखरापत्र संवाददाता
पोखरा, २० असार




नागरिक सहयोग समिति, पोखरा १६ को अध्यक्षमा पुष्पराज तिमिल्सीना चयन भएका छन् ।

बाटुलेचौरस्थित मातृशिशु मितेरी अस्पताल स्थापनार्थ गठन भएको उक्त समितिको शनिबार सम्पन्न अधिवेशनले तिमिल्सिनाको अध्यक्षतामा ८ सदस्यीय समिति चयन भएको हो । समितिको उपाध्यक्षमा सुशीला थापा, सचिवमा मोहनकुमार सुनार, कोषध्यक्षमा रञ्जु गुरुङ र सदस्यमा बसन्त बानियाँ, मेहरमान थापा, भिमबहादुर थापा, गुमादेवी गौतम चयन भए । एक जना सदस्य समितिले मनोनित गर्ने जनाईएको छ । यसअघि अधिवेशनको उद्घाटन गर्दै जिल्ला समन्वय समिति कास्कीका प्रमुख लीलाधर पौडेलले स्वास्थ्य जस्तो संवेदनशील सेवा सबै नागरिकको सहज पहुँचमा हुनुपर्नेमा जोड दिए। उनले आमा र शिशु स्वस्थ भएमात्र समाज स्वस्थ हुने बताउँदै, यस सेवामा मातृशिशु अस्पताल र नागरिक सहयोग समितिले खेलेको भुमिका प्रशंसनिय रहेको बताए। मातृशिशु अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा धर्मदेव ढकालले अस्पताल स्थापनका लागि समितिले खेलेको भुमिका महत्वपुर्ण रहेको बताउँदै, सेवा प्रवाहमा कुनै कञ्जुस्याई नगर्ने बताए । समितिका अध्यक्ष डा छममाया पुनको अध्यक्षतामा भएको कार्यक्रममा समितिका सल्लाहकार दानबहादुर बानियाँ, अस्पताल व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्रबहादुर देवकोटा, पत्रकार यदुनाथ बञ्जरालगायतले अस्पताललाई केन्द्रमा राखी अन्य क्षेत्रमा पनि सहयोग उपलब्ध गराउन सुझाव दिएका छन् । उनीहरुले ५० शैयामा स्तरोन्नती भएको अस्पतालको सेवालाई थप प्रभावकारी बनाउन आग्रह गरे । कोषमा हाल १ करोड ५० लाख मुद्धतीमा रहेको र सोबाट प्राप्त ब्याज अस्पताल संचालनमा सहयोग गर्दै आएको कोषाध्यक्ष रञ्जु गुरुङले जानकारी दिईन् । समितिमा पोखरा महानगरपालिकाले कबुल गरेको ११ लाख ११ हजार रुपैयाँसहित बिभिन्न व्यक्तिबाट सहयोग रकम प्राप्त नभएको जनाईएको छ । अधिवेशनले सचिव मोहनकुमार सुनारको प्रगति र कोषाध्यक्ष रञ्जु गुरुङले पेश गरेको प्रतिवेदनलाई सुझावसहित पारित गरेको छ । कार्यक्रममा उपाध्यक्ष पुष्पराज तिमिल्सीनाले स्वागत र सचिव मोहनकुमार सुनारले संचालन गरेका थिए ।

# विश्वकर्मा सेवा समाज कास्कीको तेस्रो साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, २० असार




विश्वकर्मा समुदायको सामाजिक, शैक्षिक र सांस्कृतिक रूपान्तरणमा क्रियाशील विश्वकर्मा सेवा समाज कास्कीको तेस्रो साधारण सभा तथा नवनिर्मित भवन उद्घाटन समारोह शनिबार पोखरा महानगरपालिका-७, रामकृष्ण टोल, घारीपाटनस्थित समाजकै प्राङ्गणमा भव्य रूपमा सम्पन्न भएको छ ।

२०६९ सालमा स्थापना भएको यस समाजले आफ्नै सुविधासम्पन्न भवन निर्माण गरी उद्घाटन गरेको हो । कार्यक्रममा समाज र राष्ट्रका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने बौद्धिक एवं व्यावसायिक व्यक्तित्व, ज्येष्ठ नागरिक र भवन निर्माणमा सहयोग गर्ने मनकारी दाताहरूलाई भव्य सम्मान गरिएको थियो । सो अवसरमा वोल्दै प्रमुख अतिथि दुर्गा बहादुर सुनारले उत्पीडित तथा शिल्पी आन्दोलनमा विश्वकर्मा समुदायले पुऱ्याएको ऐतिहासिक र निर्णायक योगदानको चर्चा गर्दै समुदायबीचको बलियो एकता, सहकार्य र संस्थागत विकासको खुला हृदयले प्रशंसा गरे । यस्ता प्रेरणादायी अभियानले नयाँ पुस्तालाई आफ्नो गौरवमय इतिहास र पहिचानप्रति गर्व गर्न सिकाउने विश्वास उनले व्यक्त गरे । यसैगरी, समाजका पूर्वअध्यक्ष एवं पोखरा महानगरपालिका कार्यपालिका सदस्य निर्मल दियालीले विश्वकर्मा समुदाय अब सामाजिक दायरामा मात्र सीमित नरही प्रशासनिक, राजनीतिक र नीतिगत तहमा समेत सशक्त रूपमा अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याए । उनले नयाँ पुस्ताका युवाहरूलाई उच्च शिक्षा, नेतृत्व विकास र निजामती सेवातर्फ आकर्षित हुन विशेष आग्रह गरे । किसान विश्वकर्माको संयोजन र भविन्द्र सुनारको अध्यक्षतामा आयोजित उक्त गरिमामय समारोहमा भवन निर्माण समितिका आर्थिक संयोजक दशरथ सुनारले स्वागत मन्तव्य राख्दै जग्गा खरिददेखि भवन निर्माण सम्पन्न हुँदासम्म अनेकौं आर्थिक तथा व्यवस्थापकीय चुनौतीहरू सामना गर्नुपरेको स्मरण गरे । तथापि, सम्पूर्ण समुदाय, मनकारी दाता र शुभेच्छुकहरूको अनवरत साथ र सहयोगका कारण आज यो ऐतिहासिक उपलब्धि सम्भव भएको उल्लेख गर्दै उनले प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्ने सबैप्रति हार्दिक आभार प्रकट गरे । समारोहमा समाजका अध्यक्ष भविन्द्र सुनारले संस्थाको स्थापनाकालदेखिको गौरवशाली यात्रा, समाजले सम्पादन गरेका रचनात्मक गतिविधि र आगामी कार्ययोजनाबारे प्रकाश पारे। उनले समुदायको एकता र संस्थागत सुदृढीकरणका लागि समाज सदैव प्रतिबद्ध रहने प्रण गरे । सो अवसरमा विश्वकर्मा सुमदायबाट आफ्नो कार्यक्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याएबापत डा. दिनेश विश्वकर्मा, डा. गणेश विश्वकर्मा, डा. सुरेश कुमार विश्वकर्मा, डा. देउबहादुर विश्वकर्मा, डा. दृश्य विश्वकर्मा, डा. संजित विश्वकर्मा, डा. शैलेन्द्र वि.क., डा. सुजन वि.क., डा. कृति सुनार, पाइलट स्वीकार वि.क., स्थापित कलाकार कुलेन्द्र विश्वकर्मा र पत्रकार सुरेश सुनार सम्मानित हुनुभएको थियो ।

यस्तै, समाजको अमूल्य नीधिका रूपमा रहेका ८० वर्ष नाघेका आदरणीय ज्येष्ठ नागरिकहरू दोसल्ला र सम्मानपत्रद्वारा विशेष सम्मान गरिएको थियो ।

नवनिर्मित भवनले आगामी दिनमा समुदायका विविध सामाजिक, सांस्कृतिक तथा संस्थागत गतिविधिहरू व्यवस्थित रूपमा सञ्चालन गर्न थप सहज र प्रभावकारी भूमिका खेल्ने विश्वास उपस्थित महानुभावहरूले व्यक्त गरेका थिए । उक्त भव्य कार्यक्रमको सञ्चालन समाजका सचिव तारा गौतम सुनारले गरेका थिए ।

# लोकभजन चुड्काहरू अध्यात्मिक चेतना, सामाजिक सद्भावको प्रतीकः प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, २० असार



गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले हाम्रा अमूल्य सांस्कृतिक सम्पदामध्ये लोकभजन चुड्काहरू अध्यात्मिक चेतना, सामाजिक सद्भाव र सांस्कृतिक निरन्तरताको महत्वपूर्ण प्रतीक रहेको बताउनुभएको छ ।

राष्ट्रिय लोक भजन चुड्का संरक्षण प्रतिष्ठान नेपाल, गण्डकी प्रदेश समितिको तेस्रो वार्षिक साधारणसभा तथा दोस्रो अधिवेशनमा प्रमुख अतिथि भट्टले हिमाल, पहाड र तराईका विभिन्न समुदायले सिर्जना गरेका लोकगीत, लोकभजन, लोकनृत्य, भाषा, साहित्य, कला र संस्कार हरूले हाम्रो राष्ट्रिय जीवनलाई समृद्ध बनाएको बताउनुभयो ।

'नेपालको मौलिक पहिचान यसको सांस्कृतिक विविधतामा निहित छ । यिनै भजन चुड्कामा जुन ऊर्जा, सङ्गीतको गहिराइ र अनुशासन हुन्छ, त्यो संसारका अन्य कुनै संगीतमा पाउन गाह्रो छ ।' प्रदेश प्रमुख भट्टले भन्नुभयो ।

'भजन चुड्का भगवानको प्रार्थना र भक्तिगान मात्र होइन; यसले सत्य, करुणा, नैतिकता, सहिष्णुता, अनुशासन, सामाजिक एकता र मानव सेवाको सन्देश पनि प्रवाह गर्दछ ।' उहाँले भन्नुभयो -'गाउँघरका मन्दिर, भजनमण्डली र सामुदायिक जमघटहरूमा पुस्तौंदेखि गुञ्जिँदै आएको यो परम्पराले नेपाली समाजलाई एकसूत्रमा बाँध्ने महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।' हाम्रो गण्डकी प्रदेश प्राकृतिक रूपमा जति सुन्दर छ, सांस्कृतिक रूपमा त्योभन्दा कयौँ गुणा धनी रहेको बताउँदै उहाँले यहाँको माटोमा खैंजडीको ताल, मुजुराको झङ्कार र लोकभजनको सुगन्ध मिसिएकोले गण्डकी लोक संस्कृति र भजनको उद्गम स्थल रहेको उल्लेख गर्नुभयो ।

'आजको विश्व तीव्र परिवर्तनको चरणमा छ। आधुनिक प्रविधि, विश्वव्यापीकरण र बदलिँदो जीवनशैलीका कारण परम्परागत कला-संस्कृति हरू अनेक चुनौतीसँग जुधिरहेका छन् । यस्तो अवस्थामा चुड्का जस्ता मौलिक सांस्कृतिक सम्पदाको संरक्षण गर्नु हाम्रो साझा जिम्मेवारी हो ।' उहाँले थप्नुभयो -'संरक्षण भनेको विगतको सम्झना मात्र सुरक्षित राख्नु होइन, भविष्यका पुस्तालाई आफ्नो पहिचान र सभ्यतासँग जोड्ने दायित्व पनि हो ।'

आधुनिकीकरण र पश्चिमा संस्कृतिको बढ्दो प्रभावका कारण हाम्रा यस्ता रैथाने कला र संस्कृतिहरू संकटमा पर्दै गएको उहाँको चिन्ता छ । 'हाम्रो अबको चुनौती भनेको यो भजन चुड्कालाई नयाँ पुस्तासम्म कसरी पुऱ्याउने भन्ने नै हो । यस्तो चुनौतीपूर्ण समयमा यस प्रतिष्ठानले लोकभजन र चुड्काको संरक्षण, सम्वर्द्धन र पुस्तान्तरणका लागि जे-जस्तो भूमिका खेलिरहेको छ, त्यो निकै सराहनीय छ ।' उहाँले भन्नुभयो । उक्त अवसरमा प्रदेश प्रमुख भट्टले भजन चुड्का प्रस्तुत गर्ने दुई जना ७ वर्ष र १२ वर्षका बालकलाई नगद प्रदान गरी हौसला प्रदान गर्नुभयो ।

## प्रेस रजिष्ट्रारको ...

गुज्रिरहेको भन्दै सरकारी विज्ञापन सरकारी मिडियामा मात्र सीमित गर्ने सरकारको नीतिको महासंघले निरन्तर विरोध गर्दै आएको बताए । पत्रकारलाई स्वास्थ्य बिमामा अपेक्षाकृत बजेट काटेर आएकोमा गुनासो गरे । नवीकरण फेल भएका संचारमाध्यमलाई एकपल्ट छुट गरेर नवीकरणको सुविधा दिन उनले माग गरे । अग्रज पत्रकार सम्मानका लागि गण्डकी प्रदेशका कानुन तथा सञ्चार सचिव कृष्णप्रसाद लम्सालको संयोजकत्वमा छनोट समिति गठन गरिएको थियो । सदस्यमा नेपाल पत्रकार महासंघ गण्डकी अध्यक्ष रमेश पौडेल, महासंघ गण्डकीका पूर्व अध्यक्ष नारायण शर्मा, प्रेस स्वतन्त्रता सेनानी पुण्य पौडेल र प्रेस रजिष्ट्रार बिमला भण्डारी थिए । सञ्चारसम्बद्ध विभिन्न संघसंस्थाका प्रतिनिधिको उल्लेख्य उपस्थिति रहेको कार्यक्रमको अध्यक्षता प्रेस रजिष्ट्रार बिमला भण्डारीले गरेकी थिइन् । स्वच्छ प्रेस : समुन्नत गण्डकी प्रदेश नाराका साथ आयोजित कार्यक्रमको संचालन पत्रकार अमृत सुवेदीले गरे । सोही अवसरमा २ सेसन मिडियाको अर्थतन्त्र र पत्रकारितामा एआई विषयमा वक्ताले गहन छलफल गरे ।

## गण्डकीका ...

त्यसयता बर्सेनि हरेक स्थानीय तह, जिल्ला र प्रदेशलाई पूर्ण खोप सुनिश्चितता र दिगोपना घोषणा गर्ने गरिएको खोप अधिकृत लम्सालले बताउनुभयो ।

"जन्मेदेखि २३ महिना उमेर समूहका बालबालिकाले १३ प्रकारका रोगविरुद्ध लगाइने सम्पूर्ण खोप पाएपछि पूर्ण खोप सुनिश्चितता एवं दिगोपना घोषणा गर्ने गरिएको छ", उहाँले भन्नुभयो, "कोही पनि बालबालिका खोप पाउनबाट बञ्चित हुनु नपरोस् भनेर यो अभियान सञ्चालन हुने गर्छ ।" घोषणासँगै यसको दिगोपनाका लागि वैशाख महिनालाई खोप महिनाका रूपमा घोषणा गरी 'खोज र खोप' अभियान सञ्चालन गर्ने गरिएको छ ।

खोप कार्यक्रमलाई तीनै तहका सरकारले प्राथमिकता दिँदै आएका छन् । मात तथ नवशिशु मृत्युदर घटाउन पूर्ण खोप अभियानले सहयोगपुऱ्याइरहेकोखोपअधिकृत लम्सालले बताउनुभयो । प्रदेशका झण्डै २५ हजार बालबालिकालाई नियमित खोपको दायरामा ल्याइएको प्रदेशको स्वास्थ्य मन्त्रालयले जनाएको छ । सबै जिल्ला घोषणा भएपछि गण्डकीलाई पूर्ण खोप सुनिश्चित प्रदेश घोषणा गर्ने तयारी छ ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्बे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। - गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# सरकारको एक सय दिन

दुई तिहाइ बहुमतको सरकारप्रति नागरिकको ठूलो आशा रहे पनि एक सय दिनका कार्यले आशा जगाउन सकेको छैन। प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा सरकार बनेको एक सय दिन पूरा भएको छ। एक सय दिनको समीक्षा गर्दा सरकारले अपेक्षित काम गर्न सकेन। केही सुधारका थालनी भने भएकोछ। वर्तमान सरकार बनेपछि महँगी, बेरोजगारी र लोकतान्त्रिक संस्थामाथि हस्तक्षेप बढेको महसुस धेरैले गरेका छन।

सरकारले संसद्लाई भूमिकाविहीन बनाउने, अध्यादेशमार्फत कानुन संशोधन, न्यायपालिका र प्रेस स्वतन्त्रतामाथि दबाब सिर्जना गर्ने काम गरेको छ। वर्तमान सरकारले ल्याएको बजेट पनि गरिबमारा भएको भनी आलोचना भएको छ। टसरकार भ्रष्टाचार नियन्त्रणमा पनि 'सेलेक्टिभ प्रोसिक्युसन' देखिएको छ। सुशासन कायम गर्न आफ्ना निकट व्यक्तिमाथिबाटै कारबाही थाल्नुपर्ने हो। सरकारले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन नदिने निर्णय गरेर प्रेसमाथि आर्थिक नाकबन्दी गरेको छ। सरकार सामाजिक सञ्जालमार्फत शासन गर्न खोजिरहेको छ। प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)संसद् र जनतासँग प्रत्यक्ष संवाद गर्न नसक्नु लोकतन्त्रप्रतिको अविश्वास हो। शिक्षा क्षेत्रमा सरकारको प्रारम्भिक काम उत्साहजनक रहेको छ। कक्षा-१२ को नतिजा ४४ र १० को परीक्षाफल २९ दिनमै सार्वजनिक, पाठ्यक्रम सुधार, विद्यालय म्यापिङ, छात्रवृत्ति तथा उच्च शिक्षा सुधारका प्रयास सकारात्मक उपलब्धि हो।

यो क्षेत्रमा देखिएको प्रतिबद्धता निरन्तर कायम रहेमा भविष्यमा गुणस्तरीय शिक्षाको आधार बन्न सक्छ। राभ्रष्टाचारविरुद्ध सरकारले सुरु गरेको अभियान सकारात्मक मान्नुपर्छ। सरकारी जग्गा अतिक्रमण हटाउने कार्य तथा ड्राइभिङ लाइसेन्स वितरणमा भएको सुधार प्रशंसनीय रहेको छ। तर, सुकुम्वासी व्यवस्थापन, जनतासँग प्रत्यक्ष संवाद र सार्वजनिक अभिव्यक्तिमा संवेदनशीलताका पक्षमा सरकार कमजोर देखिएको छ। नागरिकले आफ्नो कुरा राख्न र सुन्न नपाउनु विडम्बना हो। सरकारको 'हनिमुन अवधि' मात्र भएकाले अन्तिम मूल्यांकन गर्न हतार होला। जनजीविकासँग प्रत्यक्ष जोडिएका विषयमा परिणाममुखी हुने गरी काम हुन नसकेमा पक्षुताउनुपर्छ।

सरकारले संविधान संशोधन गर्न वाचापत्र तयार पार्न कार्यदल गठन गरेको छ। त्यसले संविधान संशोधनका लागि विभिन्न क्षेत्रको सुझाव लिएको छ। संविधान सभाले बनाएको संविधान संशोधन सजिलोसँग हुन सक्दैन। त्यसले ग्यारेन्टी गरेका अधिकार खोसेमा देश फेरि द्वन्द्वमा जान सक्छ।संविधान संशोधन प्रतिनिधिसभाले गरेर मात्र पुग्दैन। राष्ट्रिय सभाको पनि साथ चाहिन्छ।त्यो अहिले सहजै होला भन्ने अबस्था छैन।

राष्ट्रिय स्वतन्त्र पार्टीले मात्रचाहेर हुदैन।, नागरिकको सहभागिता र सम्भव भएसम्म सर्वदलीय सहमतिका आधारमा हुने हो। प्रतिनिधिसभामा दुई तिहाइ बहुमतले मात्र हुन सहज छैन। रास्वपाले संविधानमा धेरै कुरा सकारात्मक भएको हुँदा नमिलेका मुद्दालाई मिलाउन सकिन्छ। तर भूराजनीतिक कारणले नहुने विचार राख्नु अनुभको अभाव हो। यस अवधिमा संविधानका उपलब्धि र कमजोरी अनि नागरिकले चाहेका सुधारबारे खुला, इमानदार र जिम्मेवार बहस हुनुपर्छ। राष्ट्रिय स्वतन्त्र पार्टीले यसको पक्षमा रहेको जनाएको छ। संविधान संशोधन बहसपत्र कार्यदलले धेरै सुझाव लिएको छ। संविधान संशोधनको नाममा खारेज गर्न खोजिएको त होइन गम्भीर प्रश्न उठ्छ। यस बारे राष्ट्रिय स्वतन्त्र पार्टीले मात्र होइन प्रधानमन्त्रीले स्पष्ट पार्नुपर्छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाव | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# झोलुङ्गो पुल निर्माणका लागि एक करोड बजेट

**पोखरापत्र संवाददाता**
तनहुँ, २० असार

जिल्लाको आँबुखैरेनी र चितवन जोड्ने त्रिशूली नदीमाथि दुई वटा झोलुङ्गे पुल निर्माणका लागि रु एक करोड बजेट विनियोजन भएको छ।

आँबुखैरेनी गाउँपालिका-५ र भरतपुर महानगरपालिका-२९, चितवनरआँबुखैरेनीगाउँपालिका-४ र चितवनको इच्छाकामना गाउँपालिका, जोड्ने त्रिशूली नदीमा पुल निर्माणका रु ५० लाखका दरले बजेट विनियोजन भएको हो। दुई स्थानमा झोलुङ्गे पुल बनेपछि सर्वसाधारणलाई आवतजावतमा सहज हुने विश्वास गरिएको गाउँपालिका अध्यक्ष शुक्र चुमानले बताउनुभयो। आँबुखैरेनीगाउँपालिकाकोआवश्यकता र अनुरोधलाई विशेष प्राथमिकता राखेर मन्त्रालयबाट बजेट विनियोजन भएको छ, उहाँले भन्नुभयो, "यस कार्यले हामीलाई थप हौसला र अघि बढ्न प्रेरणा मिलेको छ।" उहाँका अनुसार बागमती प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्रालयका मन्त्री डा दिनेशचन्द्र देवकोटा र मन्त्रालयका प्रदेश सचिव इञ्जिनियर ईश्वरचन्द्र मरहट्ठाको विशेष भूमिका रहेको छ।

# पर्वतको पर्यटन गुरुयोजना निर्माण गरिने

**पोखरापत्र संवाददाता**
पर्वत, २० असार

जिल्लामा रहेका धार्मिक तथा पर्यटकीयस्थलको प्रचारप्रसार गर्दै आन्तरिक तथा बाह्य पर्यटकको प्रमुख गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले पर्वतको पर्यटन प्रवर्द्धनसम्बन्धी गुरुयोजना निर्माण गरिने भएको छ। जिल्ला समन्वय समितिको आयोजनामा शुक्रबार सम्पन्न आठौँ जिल्लासभाले समितिको पहल र सातवटै स्थानीय तहको सहकार्यमा पर्यटन प्रवर्द्धनसम्बन्धी गुरुयोजना बनाउने निर्णय गरेको हो।

जिल्लामा बर्सेनि लाखौँको सङ्ख्यामा आन्तरिक तथा बाह्य पर्यटक भित्रिने गरे पनि ठोस योजना र तयारी नहुँदा यहाँका नागरिकले फाइदा लिन नसकिरहेको अवस्थालाई मध्यनजर गर्दै आगामी आर्थिक वर्षमा गुरुयोजना तयार गर्ने निर्णय भएको समितिका प्रमुख विष्णुराम विकले बताउनुभयो। पर्वत जिल्ला पछिल्लो समय शाहसिक पर्यटनको गन्तव्य बन्दै गएको छ। यहाँ विश्वकै दोस्रो अग्लो बञ्जिजम्प, विश्वकै लामो जिपलाइनलगायत स्विङ, मेगाट्रोल, गुलेली पिङ, नेपालकै लामो कालीगण्डकी जलयात्रालगायत अग्ला र लामा पुलजस्ता पर्यटकीय पूर्वाधार बढ्दै जान थालेपछि आन्तरिक तथा बाह्य पर्यटकको आगमन पनि बढ्ने अपेक्षा गरिएको उहाँले विश्वास व्यक्त गर्नुभयो।

"पर्यटकीय पूर्वाधार बढ्दै गए पनि आन्तरिक तथा बाह्य पर्यटकको बसाइँ लम्ब्याउने कार्यक्रम बनाउन सकिएको छैन। तीन हजार ३०० मिटर उचाइको हम्पालको लेकबाट ५१२ मिटर उचाइको विश्वकै ठूलो शालिग्राम शिलालगायत थुप्रै मठमन्दिर, डाँडापाखा, कला, संस्कृति, वन्यजन्तु, जडीबुटीलगायत अनुपम उपहारको समुचित प्रयोग गर्दै पर्यटन क्षेत्रबाट जिल्लाको समृद्धि गर्ने उद्देश्यले गुरुयोजना बनाउन थालिएको हो", समितिका प्रमुख विकले भन्नुभयो। उहाँका अनुसार आर्थिक वर्ष २०८३/८४ भित्रै गुरुयोजना निर्माण गरेर अर्को वर्षदेखि लागू गरिने छ। यसका लागि विभिन्न सरोकार भएका क्षेत्रका विज्ञहरूको समूह बनाउनुका साथै जिल्लाका जनप्रतिनिधि, नागरिक समाज, पत्रकारलगायतको सहभागितामा बहुउपयोगी र कार्यान्वयनमा सहजता हुने किसिमका योजना निर्माण गरिने छ। गुरुयोजना निर्माणपछि जिल्लाको पर्यटन व्यवसाय फस्टाउँदै जानुका साथै स्वरोजगारका अवसर सिर्जना भई स्थानीयको आयआर्जन बढ्ने समितिका प्रमुख विकले विश्वास व्यक्त गर्नुभयो। यसैगरी जिल्लासभाले कालीगण्डकी नदीको पर्वत खण्डमा पर्ने ४२ किलोमिटर क्षेत्रको संरक्षण, सम्वर्द्धन र दिगो उपयोगका लागि ठोस योजना बनाउने निर्णय गरेको छ। यसका लागि छिमेकी जिल्लाहरुसँग आवश्यक समन्वय गरिने भएको छ। अवैध रूपमा भइरहेको नदी दोहनलाई नियन्त्रण गरी व्यवस्थित उत्खननको योजना बनाइने जिल्ला समन्वय अधिकारी बद्री तिवारीले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्लासभाले जिल्लामा उत्पादित कृषिजन्य वस्तुको सहज बजारीकरणका लागि कृषि एम्बुलेन्स सेवा विस्तार गर्ने, जिल्लाका सरकारी तथा गैरसरकारी निकायमा जफादेहिता, सुशासन र पारदर्शिताका लागि सहजीकरण गर्ने निर्णय गरेको छ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. १३, महाप्रभुधाम निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः महाप्रभुधाम निर्माण
ठेगानाः पोखरा-१३
योजना सम्झौता मिति : २०८२/१०/२६ गते
योजना सुरु मितिः २०८२/१०/२७ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१९ गते
योजनाको कुल लागतः रु. ३३,३४,८३६.६५
महानगरपालिकाबाटः रु. ३०,००,०००।-
जनसहभागिताबाटः रु. ३,३४,८३६.६५
उपभोक्ता समिति अध्यक्षः नवराज बराल
सम्पर्क नं.: ९८५६००७४६७
उपभोक्ता समिति सदस्यः ११ जना महिलाः ४ पुरुषः ७ जना

**श्री महाप्रभुधाम रतन पाण्डे पर्यटकीय क्षेत्र विकास समिति पोखरा-१३ आर्वा**

# कमलपोखरी सहकारीद्वारा सहकारी सम्बन्धी प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २० असार




अन्तर्राष्ट्रिय सहकारी दिवसको अवसर पारेर कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पोखरा-१३, बाझापाटनले आफ्ना पदाधिकारी तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले 'सहकारी ऐन तथा नियमावली' सम्बन्धी एकदिने प्रशिक्षण कार्यक्रम शनिबार सम्पन्न गरेको छ।

संस्थाको आफ्नै सभाहलमा आयोजित कार्यक्रम संस्थाका अध्यक्ष माधव प्रसाद आचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रमको सञ्चालन संस्थाका सचिव तथा कार्यक्रम संयोजक कुमार केसीले गर्नुभएको थियो। प्रशिक्षणमा सहकारी क्षेत्रका विज्ञ तथा पोखरा रोयल बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत (सीईओ) भीम गुरुङले सहजीकरण गर्नुभएको थियो। उहाँले नेपाल सरकारले हालै सहकारी क्षेत्रमा लागू गरेका नयाँ नीति, ऐन तथा नियमावलीका प्रमुख व्यवस्थाहरू, तिनको व्यावहारिक पक्ष र सहकारी संस्थाको सञ्चालनमा पर्ने प्रभावबारे विस्तृत जानकारी दिनुभयो। प्रशिक्षक गुरुङले सहकारी ऐनको प्रभावकारी कार्यान्वयन, सुशासनको प्रवर्द्धन तथा कानुनी जटिलताहरूलाई व्यवहारिक रूपमा समाधान गर्ने उपायहरूबारे विशेष जोड दिँदै सहभागीहरूलाई सहकारी सञ्चालनमा कानुनी पक्षको महत्त्वबारे स्पष्ट पार्नुभयो। कार्यक्रममा सञ्चालक समिति, लेखा समिति, सल्लाहकार परिषद् तथा विभिन्न उपसमितिका पदाधिकारी एवं कर्मचारीहरूको उल्लेखनीय सहभागितारहेकोथियो।प्रशिक्षणका क्रममा सहभागीहरूले सहकारी ऐन, नयाँ नीतिगत व्यवस्था तथा संस्थागत कार्यविधिसम्बन्धी विभिन्न जिज्ञासा राखेका थिए। प्रशिक्षक गुरुङले ती प्रश्नहरूको स्पष्ट र व्यवहारिक उत्तर दिँदै सहभागीहरूको जिज्ञासा समाधान गर्नुभएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष माधव प्रसाद आचार्यले सहकारी ऐन तथा नियमहरूको पूर्ण पालनाबाट मात्रै संस्थाको विश्वसनीयता, पारदर्शिता र सुशासन अझ सुदृढ हुने बताउनुभयो। उहाँले यस्ता ज्ञानमूलक तालिमले पदाधिकारी र कर्मचारीहरूको क्षमता विकास गर्दै संस्थालाई थप मर्यादित, उत्तरदायी र प्रभावकारी बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।

# दुई पालिका जोड्ने निर्माणाधीन पुललाई दुई करोड बजेट

**पोखरापत्र संवाददाता**
दमौली, २० असार

यहाँका दुई पालिका जोड्ने निर्माणाधीन मोटरवेल पुलका लागि गण्डकी प्रदेश सरकारबाट रु दुई करोड बजेट विनियोजन भएको छ।

व्यास नगरपालिका र ऋषिङ गाउँपालिका जोड्ने सेती नदीमाथि निर्माणाधीन पुलका लागि प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि रु दुई करोड बजेट विनियोजन गरेको हो। विसं २०७७ चैत २३ गतेदेखि निर्माण सुरु भएको उक्त पुल निर्माण व्यवसायीको लापर्वाही र बजेट अभावका कारण समयमा सम्पन्न हुन सकेको छैन। व्यास-३, देउरालीनगर र ऋषिङ-१, झापुटार जोड्ने सेती नदीमाथि निर्माणाधीन पुलको कामले पछिल्लो केही समय गति लिएको छ।

जिल्लास्थित पूर्वाधार विकास कार्यालयका प्रमुख रवीन्द्र तिवारीले भन्नुभयो, "अहिले पुल निर्माण तीव्र गतिमा काम भइरहेको छ। केही समय काम अलपत्र बनेपनि निर्माण व्यवसायीलाई कामका लागि ताकेतासहित निर्देशन दिएपछि कामले पुनः गति लिएको हो। अब तोकिएकै समयभित्र सम्पन्न हुने विश्वास लिइएको छ।" पुल तीन वर्षमा निर्माण सम्पन्न गर्ने म्याद थियो। सम्झौताअनुसार काम सम्पन्न गरिएको थियो भने अहिले पुलमाथि सवारी आवागमन सञ्चालन भइसक्ने थियो। तर निर्माण व्यवसायीको ढिलासुस्तीका कारण उक्त पुलको काममा ढिलाइ भएको तिवारीले बताउनुभयो।

हालसम्म चार पटक म्याद थप भइसकेको र अन्तिम पटकका लागि विसं २०८३ असोज ३० गतेसम्म समयसीमा तोकिएको उहाँले जानकारी दिनुभयो। तिवारीले भन्नुभयो, "झापुटारतर्फ स्पानमाथि स्टिलको काम करिब सकिएको छ। व्यासतर्फको स्पानको स्टिल जोडेपछि करिब ८५ प्रतिशत काम सम्पन्न हुनेछ।" उहाँका अनुसार गण्डकी प्रदेश सरकारको रु ३२ करोड ४० लाख २७ हजार ३९४ को लागतमा पुल निर्माण हुन लागेको हो। पुल निर्माणका लागि रसुवा इलाइट जेभी काठमाडौँसँग सम्झौता भएको थियो।

एक सय ५४ मिटर लामो रहने पुलको चौडाइ नौ दशमलव ५० मिटर रहनेछ। पाइल फाउण्डेशनमा निर्माण हुने पुल स्टिल ट्रसको हुनेछ। पुल निर्माणपछि व्यास नगरपालिका र ऋषिङ गाउँपालिकाका सर्वसाधारणलाई आवतजावतमा सहज हुनेछ।

हाल सोही ठाउँमा झोलुङ्गे पुल रहेकाले सर्वसाधारणले जोखिमपूर्ण यात्रा गरिरहेका छन्। त्यसको करिब एक किलोमिटर माथि तनहुँ जलविद्युत् आयोजनाको सहयोगमा पक्की पुल निर्माण गरिएको छ। त्यहाँबाट दमौली आउनुपर्दा करिब तीन किमी दूरी तय गर्नुपर्छ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. ३३, सुर्योदिप मार्ग निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः सुर्योदिप मार्ग
ठेगानाः पोखरा-३३, सुर्योदिप मार्ग सिस्ने
योजना सम्झौता मिति : २०८२/१२/०२ गते
योजना सुरु मितिः २०८२/१२/०३ गते
योजना सम्पन्न हुने मितिः २०८३/०२/२५ गते
योजना सम्पन्न भएको मितिः २०८३/०२/२० गते
योजनाको कुल लागतः रु. ८,९५,९४०.१०
महानगरपालिकाबाटः रु. ८,००,०००।-
जनसहभागिताबाटः रु. ९५,९४०.१०
उपभोक्ता समिति अध्यक्षः सुर्यमोहन आचार्य
सम्पर्क नं.: ९८४६०२५८४७
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**सुर्योदिप मार्ग निर्माण उपभोक्ता समिति**
**पोखरा-३३**

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. ३३, कृष्ण मार्ग निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः कृष्ण मार्ग
ठेगानाः पोखरा-३३, कृष्ण मार्ग
योजना सम्झौता मिति : २०८२/१२/२४ गते
योजना सुरु मितिः २०८२/१२/२५ गते
योजना सम्पन्न हुने मितिः २०८३/०२/२० गते
योजना सम्पन्न भएको मितिः २०८३/०२/१५ गते
योजनाको कुल लागतः रु. ५,५९,४३९.८१
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ५९,४३९.८१
उपभोक्ता समिति अध्यक्षः अमृत गुरुङ
सम्पर्क नं.: ९८०६५१२९०६
उपभोक्ता समिति सदस्यः ६ जना महिलाः ३ पुरुषः ३ जना

**कृष्ण मार्ग निर्माण उपभोक्ता समिति**
**पोखरा-३३**

# पितृस्मृतिमा सात लाखको लागतमा 'आमा चौतारी' सत्तल निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, २० असार

"मानव जीवनको सार्थकता भौतिक सञ्चयमा मात्र नभई पितृहरूको स्मृतिलाई लोककल्याणकारी कार्यसँग जोड्नुमा हुन्छ" भन्ने शाश्वत दर्शनलाई चरितार्थ गर्दै पोखराको ऐतिहासिक एवं धार्मिक स्थल श्री गणेश तथा भद्रकाली मन्दिर परिसरमा एक उदाहरणीय परोपकारी कार्य सम्पन्न भएको छ।

मन्दिर सेवा समितिको गुरु योजना अन्तर्गत भक्तजन तथा सर्वसाधारणको सहजता र माछापोखरीको प्राकृतिक शीतलता अनुभूति साथै थकाइ मेट्नका लागि मन्दिर परिसरमा कलात्मक 'आमा चौतारी' पाटी सत्तल निर्माण गरिएको छ। उक्त पाटी सत्तल निर्माणका लागि साविक पुरानो गाउँ कास्की, वारचोक भई हाल पोखरा-१२ लालीगुराँस टोल निवासी छोरा-बुहारीहरू ईश्वर बहादुर गुरुङ र बत्तीमाया गुरुङ, ग्रान्ड मास्टर तुलसी कुमार गुरुङ र गंगा गुरुङ, सी.आई. दीपेन्द्र कुमार गुरुङ र जुनु गुरुङ मास्टर राजेन्द्र कुमार गुरुङ र अनिता गुरुङ, तथा छोरी-ज्वाइँहरू जसमाया गुरुङ र जगमान गुरुङ, ज्योति कुमारी गुरुङ र रुद्रबहादुर गुरुङ, एवं खासमाया गुरुङ र प्रकाश गुरुङ परिवारले आफ्ना पूजनीय माता-पिता तथा सासू-ससुरा स्व. पतिराम गुरुङ र स्व. काली गुरुङको पुण्य स्मृतिमा बर-पिपलको बिरुवा रोप्दै रु. ७,००,०००/- (सात लाख) आर्थिक सहयोग मन्दिर व्यवस्थापन समितिका अध्यक्ष योगेन्द्रमान श्रेष्ठलाई हस्तान्तरण गर्नुभएको छ। सो रकम हस्तान्तरण कार्यक्रममा दानदाता जगमान गुरुङले पवित्र कार्य गर्न अवसर दिनुभएकोमा समितिप्रति आभार व्यक्त गर्नुभयो भने रुद्रबहादुर गुरुङले यसको दीर्घकालीन संरक्षणमा विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो। साथै मन्दिरका अध्यक्ष योगेन्द्रमान श्रेष्ठले सत्तल निर्माणको पृष्ठभूमिबारे जानकारी दिनुको साथै काली माताले उहाँहरुका परिवारमा सुख शान्ति र समृद्धिको अष्टभूजा सधै रहिरहोस् भनि कामना समेत गर्नुभयो। कार्यक्रम सञ्चालन सचिव राजेन्द्र भण्डारीले गर्नुभएको थियो। पूर्व प्रतिनिधिसभा सदस्य एवं मन्दिर सेवा समिति आजिवन सदस्य शिवकुमार नेपाली, उपाध्यक्ष गमबहादुर गुरुङ, कोषाध्यक्ष विरबहादुर थापा, सहसचिव दिपेन्द्रराज बस्ताकोटी, सदस्य धर्मराज अल्पायू, अधिराज्यकुमार कार्की पूर्व सचिव शिव पराजुली, व्यवसायी किर्तेन्द्र सिग्देललगायतका व्यक्तित्वहरुको समेत गरिमामय उपस्थिति रहेको थियो। भौतिकवादी र आधुनिकतातर्फदौडिरहेकोआजको समाजमा आफ्ना पूर्वजहरूको सम्झनालाई यसरी सामाजिक र लोककल्याणकारी कार्यमा रूपान्तरण गर्नु आफैमा एउटा ठूलो दर्शन र प्रेरणा हो, जसले भक्तजन र श्रद्धालु मानिसहरुलाई शीतलता र थकाइ मार्ने ठाउँ मात्र दिने छैन, बरु समाजका अन्य नागरिकहरूलाई समेत आफ्नो आम्दानीको केही अंश सामाजिक एवं धार्मिक सत्कर्ममा लगानी गर्न सदैव ऊर्जा र नयाँ मार्गदर्शन प्रदान गरिरहनेछ भन्ने अनुभूति समेत भएको थियो।



# रोटरी क्लब अफ पोखराको १७ औँ पदस्थापन समारोह सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २० असार

रोटरी क्लब अफ पोखराले आफ्नो १७ औँ पदस्थापन समारोह शुक्रबार पोखरामा सम्पन्न गरेको छ। समारोहमा रोटरी वर्ष २०२६/२७ का अध्यक्ष रो। राजकुमार गुरुङको नेतृत्वमा गठित १९ सदस्यीय नयाँ कार्यसमितिलाई औपचारिक रूपमा पदस्थापन गराइएको थियो।




समारोहका प्रमुख अतिथि रोटरी इन्टरनेसनल डिष्ट्रिक्ट ३२९२ (नेपाल तथा भुटान) का डिष्ट्रिक्ट गभर्नर इलेक्ट डा. ईश्वरी प्रसाद ढकालले क्लबले विगत १६ वर्षदेखि सामाजिक सेवा, सामुदायिक हित तथा नेतृत्व विकासका क्षेत्रमा पुर्याएको योगदानको प्रशंसा गर्दै आगामी कार्यकाल सफलताको शुभकामना व्यक्त गरे। उनले रोटरी वर्ष २०२६/२७ अन्तर्गत साउन २६ गतेदेखि साताव्यापी एक लाख बिरुवा रोपण अभियान, विभिन्न स्थानमा २० वटा कम्प्युटर ल्याब स्थापना, ३५ वटा ग्लोबल ग्रान्ट परियोजना सञ्चालन, दन्त स्वास्थ्य कार्यक्रम विस्तार तथा क्लबमा १० प्रतिशत नयाँ सदस्य वृद्धि गर्ने लक्ष्य रहेको जानकारी दिए। सो अवसरमा रोटरी वर्ष २०२५-२६ का अध्यक्ष अमृतराज बाँस्तोलाले अध्यक्ष पद राजकुमार गुरुङलाई औपचारिक रूपमा हस्तान्तरण गर्दै आफ्नो कार्यकालको प्रतिवेदन प्रस्तुत गरेका थिए।

नवनिर्वाचित अध्यक्ष गुरुङले आगामी वर्षका प्राथमिकता र सेवा-मुखी कार्यक्रम सार्वजनिक गर्दै शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण तथा सामुदायिक विकासलाई केन्द्रमा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे। क्लबका संस्थापक अध्यक्ष रवी प्रसाद बरालले नवअध्यक्ष गुरुङको परिचय गराउँदै क्लबको स्थापना कालदेखि हालसम्मका गतिविधिबारे जानकारी गराएका थिए।

त्यस्तै पूर्वअध्यक्ष रामविक्रम अधिकारीले प्रमुख अतिथि डा. ढकालको परिचय प्रस्तुत गरेका थिए। क्लबका प्रेसिडेन्ट इलेक्ट पुष्कराज पराजुलीले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रममा धन्यवाद ज्ञापन पूर्वअध्यक्ष गीता सिग्देलले गरेकी थिइन् भने कार्यक्रम सञ्चालन क्लबका सचिव वर्षा केशव पराजुलीले गरेका थिए। कार्यक्रममा रोटरी इन्टरनेसनल डिष्ट्रिक्ट ३२९२ का पदाधिकारी, विभिन्न रोटरी क्लबका अध्यक्ष तथा प्रतिनिधि, सञ्चारकर्मी र समाजसेवीहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला साविक पौवैगौडे गा.वि.स. वडा नं २ हाल पुतलीवजार नगरपालिका वडा नं ५ निवासी भारतीय भु.पु. सैनिक नं ५८४३९८७ ए नायक (टि.एस.) ईश्वर बहादुर खत्रीको श्रीमती माया कुमारीको नेपाली नागरिकताको प्रमाण पत्रमा नाम थर सरस्वती रेग्मी जन्म मिति वि.सं २०२२/१२/२० उल्लेख भएको र निजको पतिको सैनिक अभिलेखमा निजको नाम थर माया कुमारी जन्म मिति इ.सं २५ मार्च १९६६ भई फरक फरक नाम थर र जन्म मिति भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनि उक्त नगरपालिका ५ नं. वडा कार्यालयको च.नं २८१ मिति २०७४/०६/२९ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

# पोखरेबगरमा 'एक घर, एक धारा'

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० असार

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरमा 'एक घर, एक धारा' सहितको खानेपानी योजना निर्माण भएको छ। गण्डकी प्रदेश सरकारको विशेष अनुदान सहयोगमा अन्नपूर्ण गाउँपालिकाले वडा नम्बर ६ मा पर्ने पोखरेबगर र बैसरीमा खानेपानी सुविधा विस्तार गरेको हो।

दुई वटा टोलका निजी घर, विद्यालय, मन्दिरसहित ८७ वटा धारा निर्माण भएको अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले जानकारी दिनुभयो। "घारको नुनथलामा रहेको मुहानबाट करिब पाँच किलोमिटर पाइपलाइनमार्फत पानी ल्याएर वितरण गरिएको हो", उहाँले भन्नुभयो, "अन्नपूर्ण गाउँपालिकाको क्रमागत बैसरी-हल्लेखर्क-पोखरेबगर योजनामार्फत गतवर्ष हल्लेखर्क र बैसरीका २४ घरमा खानेपानी सुविधा पुर्याइएको थियो।" यसवर्ष बैसरीका बाँकी र पोखरेबगरका सबै घरमा निजी धारामार्फत खानेपानी वितरणको व्यवस्था मिलाइएको जानकारी दिँदै वडाध्यक्ष खड्काले आगामी आवमा नुनथलाको मुहानलाई थप व्यवस्थित गरिने बताउनुभयो। करसहित रु ३५ लाख ४८ हजारमा ठेक्का सम्झौता गरेको गन्जे निर्माण सेवाले निर्धारित समयमै योजना सम्पन्न गरेको अन्नपूर्ण गाउँपालिका-६ का सवइञ्जिनियर वुद्धि बरुवालले बताउनुभयो। उहाँका अनुसार पाइपलाइन, एक वटा १६ घनमिटर क्षमताको नयाँ ट्याङ्की निर्माण, १४ घनमिटरको पुरानो ट्याङ्की मर्मत र ८७ वटा धारा निर्माण भएको छ। घरघरमा खानेपानी आपूर्ति भएपछि पानी ओसार्दा हुने झञ्जट हट्नुका साथै समयको बचत भएको छ। यसअघि खानेपानी आपूर्ति नियमित नहुने र वितरण व्यवस्थित नहुँदा उपभोक्तालाई सास्ती थियो। कूल रु एक करोड १९ लाख लागत अनुमान गरिएको बैसरी-हल्लेखर्क-पोखरेबगर खानेपानी योजनाबाट १२५ घरपरिवार लाभान्वित हुने वडाध्यक्ष खड्काले बताउनुभयो।

# पूर्वाधारमन्त्री लम्साल कोरला सडकको निरीक्षणमा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २० असार

उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडक आयोजनाको अनुगमन तथा निरीक्षणका लागि पूर्वाधार विकासमन्त्री सुनिल लम्साल यहाँ आइपुग्नुभएको छ।

शुक्रबार बेनी-जोमसोम सडकमार्ग हुँदै मुस्ताङको थासाङ गाउँपालिका-३ लेते बास बस्नुभएका मन्त्री लम्सालसँग संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेल (गनेश), मन्त्रालय र विभिन्न विभागका प्रतिनिधि पनि हुनुहुन्छ। कोरला सडकका आयोजना प्रमुख तेजस्वी शर्माका अनुसार कोरला सडकको निरीक्षण तथा पर्यटनलगायतका विषयमा जानकारी लिने उद्देश्यले उहाँहरु आउनुभएको हो। त्यस अवसरमा पूर्वप्रतिनिधिसभा सदस्य प्रेमप्रसाद तुलाचनको उपस्थितीमा जोमसोम–कोरला सडकमा आवश्यक पर्ने पूर्वाधार निर्माणलगायतका बिषयमा छलफल भएको छ।

छलफलमा मन्त्री लम्साललले कोरला सडकखण्डमा पर्ने पाँच वटा सडक पुल निर्माणलाई ठेक्का प्रक्रियामा लैजान निर्देशन दिनुभएको थियो। आयोजना प्रमुख तेजश्वी शर्माले जोमसोम-कोरला सडकअन्तर्गत जोमसोम-कागबेनी सडकको थप स्तरोन्नति तथा कागबेनी-छुसाङ सडक खण्डमा कालोपत्र निर्माणको प्रगतिबारे मन्त्री लम्साललाई जानकारी गराउनुभएको थियो। सरकारले कोरला सडकअन्तर्गत मुस्ताङको छुसाङदेखि घमीसम्मको ५० किलोमिटर सडक स्तरोन्नति तथा कालोपत्रका लागि रु तीन अर्ब १५ करोड बजेट विनियोजन गरेको छ। कोरला नाकासम्मको सडकको प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न भइसकेकाले नाकासम्मको सडक स्तरोन्नति तथा कालोपत्रको काम शीघ्र अघि बढाउनुपर्ने आवश्यकता रहेको विषयमा मन्त्री लम्सालको ध्यानाकर्षण गराइएको थियो।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १८, अर्मला सहायक सडक स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः अर्मला सहायक सडक स्तरोन्नति
ठेगानाः पोखरा-१८
योजना सुरु हुने मितिः २०८३/०२/०२ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१४ गते
योजनाको कुल लागतः रु. ११,११,२८७.३७
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १,११,२८७.३७
उपभोक्ता समिति अध्यक्षः मिन बहादुर के.सी.
सम्पर्क नं.: ९८२४१८३६७५

**अर्मला सहायक सडक स्तरोन्नति उपभोक्ता समिति पोखरा-१८**

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला वालिङ नगरपालिका वडा नं. ०१ निवासी भारतीय भु.पु. सैनिक नं. 5341213 TS NK का मुख बहादुर गुरुङको श्रीमती ना.प्र.नं. ८७८५ की माया गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर माया गुरुङ, जन्ममिति वि.स. २०१२/११/०७ ई.सं. १९५६/०२/१९ भएको साथै निजको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर रेनु माया गुरुङ, जन्ममिति ई.सं. १९६१/०६/१० वि.सं. २०१८/०२/२८ उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त नगरपालिका ०१ नं वडा कार्यालयको च.नं. १२०६ मिति २०८३/०३/१८ को पत्रबाट लेखी आएकोले सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

# पश्चिमाञ्चल माविमा स्वागत र अभिमूखिकरण

**पोखरापत्र संवाददाता**
पोखरा, २० असार

पोखरा-४ गैह्रापाटनस्थित पश्चिमाञ्चल माविमा ११ कक्षामा भर्ना भएका नवआगन्तुक विद्यार्थीलाई एक कार्यक्रमबीच शनिबार स्वागत गरिएको छ।

विद्यार्थीका लागि आयोजित उक्त कार्यक्रममा पश्चिमाञ्चल फाउन्डेसनका अध्यक्ष प्राडा रामनाथ ओझाले उज्जवल भविश्यलाई ध्यान दिएर अध्ययन गर्न विद्यार्थीलाई सुझाए। 'सही समयमा सही विषय छनोट गर्न सकेमा मात्र भविश्य उज्जवल हुन्छ। बेलैमा सही विषय छनोट गर्नुपर्छ,' उनले भने, 'अबका दुईवर्ष मेहनत गरेमा विद्यार्थीको जीवन उज्जवल हुनेछ।'




विद्यालयका प्राचार्य सरोज कोइरालाले अनुशासनमा रहेर अध्ययन गर्न विद्यार्थीलाई सुझाव दिए। कोइरालाले भने, 'अबको दुईवर्ष कतैपनि अन्योलमा नपर्नु, अहिलेको मेहनतले तपाइँको भविश्य बन्नेछ। विद्यार्थीलाई आफुलाई सहज हुने विषय छनोट गरेर अध्ययन गरेमा परिणाम पनि आफु अनुकुल आउने उनले बताए। उनले संघर्ष गर्न सिकेको खण्डमा सफलता मिल्ने बताए।

विद्यालयका दश जोड दुइका संयोजक देव क्षेत्रीले विद्यार्थीलाई अनुशासनमा रहन र अध्यापन गर्न सुझाव दिए। 'भविश्य कस्तो बनाउने भन्ने तपाइँमै निर्भर छ। त्यसैले अहिलेको मेहनतले तपाँइको भविश्य बन्नेछ,' उनले भने, 'कसैको लहैलहैमा लागेर भन्दा आफ्ना लागि भनेर अध्ययन गर्नुपर्छ।' कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्डले हालैमात्र प्रकाशन गरेको कक्षा १२ को रिजल्टमा उत्कृष्ट अंक हासिल गरेका विद्यार्थीलाई पुरस्कृत र सम्मान पनि गरिएको थियो।

उक्त अवसरमा विद्यार्थीले विभिन्न सांस्कृतिक कार्यक्रम पस्केका थिए। पश्चिमाञ्चल माविमा विज्ञान, मानविकी, होटल व्यवस्थापन, व्यवस्थापन र कानुन संकायमा अध्यापन हुन्छ। यसअघि नव आगन्तुक विद्यार्थीका लागि अभिमूखिकरण कार्यक्रम आयोजना गरिसकिएको छ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. १४ स्थित सहिद स्मृति विद्यालय अन्य पूर्वाधार निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : सहिद स्मृति विद्यालय अन्य पूर्वाधार निर्माण**
**उपभोक्ता समितिको नाम : सहिद स्मृति विद्यालय अन्य पूर्वाधार निर्माण उपभोक्ता समिति, पोखरा-१४, कास्की**
**उपभोक्ता समितिको अध्यक्षको नामः बाबुराम सुवेदी**
**सम्पर्क नं : ९८४६८४३०९२**
**जम्मा सदस्य संख्या : ७**
**महिला सदस्य संख्या : ५**
**योजना सम्झौता मिति : २०८२/१२/१७**
**योजना सुरु मिति : २०८२/१२/१८**
**सम्पन्न भएको मितिः २०८३/०३/१८**
**महानगरपालिकाबाट : रु. १५,००,०००/-**
**जनसहभागिता : रु. १,६६,६६६/९८**
**योजनाको कुल लागत : रु. १६,६६,६६६/९८**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महा( नगरपालिका वडा नं. १९ निवासी भारतीयभु.पु.सैनिकनं.५४४९११५ NK, PPO NO. S/022584/2000, TS NO.162193, UNIT 4/5 GR मन प्रसाद तिलिजा पुनको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर भक्त कुमारी तिलिजा पुन (BHAKTA KUMARI TILIJA PUN) भएको र पेन्सन अभिलेखमा नामथर BHAKTA KUMARI PUN उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १९ नं. वडा कार्यालयको च.नं. ४८०९ मिति २०८३।०३।१९ को सिफारिस पत्रबाट लेखी आएको हुदाँ सम्बन्धित निक(ायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय कास्की**